# धनकुटा नगरपालिकाको बिनियोजन ऐन, २०७५

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
**१ नं. प्रदेश, नेपाल**

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर कार्यापालिकाबाट निर्णय मितिः २०७५।३।०६ गते

## प्रस्तावनाः

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धनकुटा नगर कार्यपालिकाले यो ऐन बनाएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " धनकुटा नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन नगर सभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची - १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५२,८९,४३,०००। (अक्षेरुपी बाउन्न करोड उनानब्बे लाख त्रिचालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

### ३. विनियोजनः

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त धनकुटा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१
## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम रु. हजारमा

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | बित्तिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १३९८०० | १०६७४३ | ० | २४६५४३ |
| २ | | वडा समिति | | ५९००० | ० | ५९००० |
| ३ | | बिषयगत शाखा ( शिक्षा, स्वास्थ्य, आयूर्वेद, कृषि, पशु, महिला विकास) | २२०४०० | | ० | २२०४०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | १५०० | १५०० | ० | ३००० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | ३६१७०० | १६७२४३ | ० | ५२८९४३ |

**आज्ञाले**

**टीकादत्त राई**

**प्रमुख प्रशासकीय अधिकृत**

**धनकुटा नगरपालिका**